आज मिति २०७८ साल माघ २४ गते सोमबारका दिन बिर्तामोड नगरपालिकाको ६६ औ बैठक नगर प्रमुख श्री ध्रुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिति

नगर प्रमुख : श्री ध्रुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्रप्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री अजय कार्की

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री विनोद कुमार न्यौपाने

निर्णय नं.१. संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अर्न्तगत तराई मधेश समृद्धि कार्यक्रममा देहायका योजनाहरुको प्रस्ताव पठाउने निर्णय गरियो ।

<u>निम्न</u>

क. विपन्न कार्यक्रम अर्न्तगत वडा नं. ६ र ७ मा घर निर्माण गर्न रु १ करोड ।

ख. राजवंशी समाज विकास समितिको वडा नं.३मा रहेको सामुदायिक भवन निर्माण गर्न रु. ५० लाख ।

निर्णय नं.२. यस बिर्तामोड नगरपालिका वडा नं.३ मा रहेको नगर अस्पतालको भवन निर्माणका लागि आवश्यक पर्ने अनारमनि देबी गुठीस्थानको नाममा दर्ता रहेको साबिक अनारमनि ५ हाल बिर्तामोड नगरपालिका वडा नं ३ मा पर्ने कि.नं ३६६ को ज.ब.मि.२५७३.५७ मध्ये दक्षिर्ण तफ लम्बाई ६० मिटर र चौडाई ५ मिटर गरि जम्मा ज.ब.मि. ३०० जग्गा लिजमा उपलब्ध गराउने सम्वन्धि कार्यनिति २०७१ को दफा ४ बमोजिम प्राप्त गर्न आवश्यक कार्वाहिका लागि सम्बन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

निर्णय नं.३. यस बिर्तामोड नगर क्षेत्र भित्रका शैक्षिक विद्यालयहरुको पठन पाठन स्वास्थ्य मापदण्ड पुरा गरेर मिति २०७८ फागुन १ गते देखि सुचारु गर्ने गराउने भनि निर्णय गरियो ।

निर्णय नं.४. सातौ नगरसभाको बैठकबाट स्वीकृत भएको थप स्रोत (बजेट) उपलब्ध भए पश्चात सञ्चालन गरिने प्राथमिकता प्राप्त योजनाहरु क्रमश स्रोत व्यवस्थापन भएसम्म स्रोत सुनिश्चित गरि लागत ईस्टीमेट अनुसार उपभोक्ता समितिले व्यहोंने लागत/श्रम साझेदारी प्रतिशत घटाई बाँकी रकम नगरपालिकाले विनियोजन गरि योजना सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं.५. यस बिर्तामोड नगरपालिका अर्न्तगतका विभिन्न सामुदायिक विद्यालयमा कार्यरत अवकास प्राप्त निम्न बमोजिमका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप प्रति व्यक्ति रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

<u>निम्न</u>

१. श्री ऐतबहादुर तुम्रोक लिम्बु, महेन्द्र ज्योती मा.वि., बिर्तामोड-१० ।

२. श्री रंगलाल बराई, पञ्चरत्न मा.वि. बिर्तामोड-२ ।

३. श्री गोपाल खनाल, लक्ष्मी आ.वि. बिर्तामोड-७ ।

४. श्री पदमबहादुर विष्ट, वीर अमरसिंह मा.वि. बिर्तामोड-२ ।

निर्णय नं.६. विर्तामोड नगरपालिका वडा नं.१० मा रहेको इलामेली टोल खनाल गाउँ हल्दिबारी जोडने कल्भंट निर्माणका लागि रु ४,७७,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.७. विर्तामोड-३ वस्ने लक्ष्मी प्रसाद पाण्डेलाई क्यान्सर रोगको उपचारको लागि रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

निर्णय नं.८. बिर्तामोड-६ बस्ने सुर्य चौधरीको छोरा करण चौधरीको मुटु रोगको उपचारको लागि रु ३० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.९. बिर्तामोड-२ बस्ने प्रकाश सिलवालले संचालन गरेको कुखुरा फर्ममा रहेका कुखुराहरु कुकुरहरुले क्षति पुर्‍याएको हुँदा निजलाई रु २५ हजार बराबरको चल्ला खरिद गर्न रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१०. बिर्तामोड-१० बस्ने शोभा राउतलाई फोक्सोको उपचारका लागि रु १५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.११. बिर्तामोड-६ बस्ने महेन्द्र मिश्रको आगलागिवाट भएको ग्वाली घरको क्षतिलाई रु २० हजार दिने निर्णय गरियो ।

निर्णय नं.१२. बिर्तामोड-२ बस्ने धनपति प्रसाईलाई धानको कुनिउ आगलागिबाट भएको क्षतिको रु २० हजार दिने निर्णय गरियो ।

निर्णय नं.१३. बिर्तामोड-१० बस्ने पवन पोखेलको घरको आर्थिक अवस्था दयनिय भएकाले उच्च शिक्षा हासिल गर्नका लागि रु १ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१४. यस बिर्तामोड नगरपालिकाको आठौं नगर सभा मिति २०७८/११/३ गते विहान ७:३० बजे नगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

निर्णय नं.१५ बिर्तामोड-२ मा रहेको बिगतको बाढीवाट क्षति ग्रस्त भएको अम्बरदिप वाध पैनिको मर्मत गर्न दैविप्रकोप उद्धार कोषबाट आवश्यक रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१६. बिर्तामोड-१ वडा कार्यालयको भवनको मर्मत सम्भार गर्ने निर्णय गरियो ।

निर्णय नं.१७. बिर्तामोड-४ मा रहेको पशुपंछि तथा मत्स्य विकास शाखा कार्यालय, र सहरी स्वास्थ्य केन्द्रको कार्यालय परिसरमा कम्पाउण्ड वाल निर्माण गर्नका लागि सम्वन्धित निकायमा आवश्यक वजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं.१८ बिर्तामोड-४ पशुपंछि तथा मत्स्य विकास शाखा नजिक रहेको सिंहबाहिनी देवीथान (पिपलबोट) को संरक्षण सर्म्वधनका लागि महेन्द्र रत्न मा.वि.को जग्गा ज.वि.०-१-१३ मा तार घेरावारा गरि संरक्षण गर्ने निर्णय गरियो ।

निर्णय नं.१९. बिर्तामोड-६, ७ र ८ मा भएको जंगलि हात्तिको क्षतिलाई न्युनिकरण गर्न आवश्यक उपाय अवलम्वन गर्ने निर्णय गरियो ।

निर्णय नं.२०. बिर्तामोड-१० शैनिक बजारमा रहेको अस्थायी प्रहरी बिटलाई स्थायी प्रहरी चौकीको रुपमा परिणत गर्न सम्वन्धित निकायमा आश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं.२१. बिर्तामोड नरपालिकाको स्वामित्वमा रहेको श्री टेकबहादुर गिरी बस पार्कमा यातायातका सवारी साधनहरु अनिर्वाय रुपमा प्रवेश गर्ने गराउने कार्यका लागि सम्वन्धित सरोकारवाला पक्षहरु सँग बैठक बसि छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं.२२. बिर्तामोड नगरपालिकालाई आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ लाई स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं.२३. बिर्तामोड नगरपालिकाका सम्पूर्ण सवारी साधनहरुको ब्लुबुक नविकरण, कर, विमा, विमा नविकरण, टेलिफोन महशुल, खाने पानी महशुल, विद्युत्त महशुल भुक्तानिको लागि अधिकृत छठौं श्री मेघराज बास्तोलालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.२४. बिर्तामोड नगरपालिका वडा नं.५ स्थित कृषिथोक उपज बजारको यस नगरपालिकाले कानून बमोजिम लिन पाउने सम्पूर्ण कर दस्तुर अशुल उपरका लागि राजस्व शाखा प्रमुख पदमराज घिमिरेलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.२५. बिर्तामोड नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि भएको ठेक्काको विवाद सम्बन्धमा मिति २०७८/०३/०९ मा नगर उप प्रमुख श्री पवित्रा देवी महतारा प्रसाईज्यूको अध्यक्षतामा गठन भएको समितिले दिएको प्रतिवेदन उपर छलफल भई फोहोरमैला व्यवस्थापनलाई अझै दिगो र व्यवस्थित बनाउन देहाय अनुसारको दिगो फोहोरमैला व्यवस्थापनका लागि रेखदेख नियमन अनुगमन गरि थप व्यवस्थित गर्न निम्न बमोजिमको १ समिति गठन गरियो ।

| | | |
|---|---|---|
| वडा नं.४ का वडा अध्यक्ष श्री कुल प्रसाद संग्रौला | - | संयोजक |
| वडा नं.५ का वडा अध्यक्ष श्री राजेन्द्र प्रसाद लिङ्देन | - | सदस्य |
| कार्यापालिका सदस्य श्री भावना आचार्य | - | सदस्य |

निर्णय नं.२६. बिर्तामोड नगरपालिका वडा नं.३ मा रहेको नगर अस्पतालमा फार्मेसी सञ्चालन गर्न निजी क्षेत्रत्रलाई दिने गरि बोलपत्र आव्हान गरिएकोमा सो माथि विवाद भई ठेक्का सम्झौता हुन नसकेको र नगर उप प्रमुख श्री पवित्रा महातारा प्रसाईज्यूको अध्यक्षतामा मिति २०७८/०३/०९ गते गठन भएको समितिबाट उक्त ठेक्का बदर गर्न सिफारिस भई आए बमोजिम सो ठेक्कालाई बदर गरि अस्पताल आफैले फार्मेसी सञ्चालन गर्ने गरि आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो । बिर्तामोड नगरपालिका क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन गर्नका लागि भएको ठेक्का वन्दोबस्त अनुसार उत्पन्न भएको विवादलाई समाधान गर्न गठित समितिको प्रतिवेदनलाई मध्यनजर राख्दै सोको निराकरणका लागि उक्त ठेक्का बन्दोबस्त स्वीकृत नगर्ने र हाललाई अर्को व्यवस्था नभए सम्मका लागि नगर अस्पताल व्यवस्थापन समितिबाट सञ्चालन गर्ने र फोहोरमैला व्यवस्थापनका लागि निराकार सरसफाई सेवा प्रा.लि. कागेश्वरी काठमाण्डौलाई थप व्यवस्थित गर्न गठित अनुगमन समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं.२७. बिर्तामोड- ३ बस्ने पूर्ण दर्जीको काजकियाको लागि निजको परिवारलाई रु १० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत निम्न लिखित आयोजनाहरु सञ्चालन हुने गरि पारित गर्ने निर्णय गरियो ।

१. मेदनी पैनी मर्मत तथा सम्भार, बिर्तामोड-६ ।
२. बरगाछी टोल नरेन्द्र लक्समको घर पूर्व कल्भर्ट तटबन्धन, बिर्तामोड-६ ।
३. वडा नं.८ स्थित बरगाछी देखि उत्तर विजय रिजालको खेत र हर्चना चोकबाट मेथिबारी हल्दीबारी जोड्ने बाटो तटबन्धन, बिर्तामोड-८ ।
४. शिवालय साइराम टोल विकास संस्था भित्र पर्ने धरधरे सिचाइ पैनी मर्मत संभार आयोजना बिर्तामोड नगरपालिका वडा नं.१० ।

निर्णय नं.२९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत निम्न लिखित आयोजनाहरु सञ्चालन हुने गरि पारित गर्ने निर्णय गरियो ।

१. नागरिक टोल अन्तर्गत शान्ती मार्गमा प्लम तथा नाला निर्माण, बिर्तामोड-२, ।

निर्णय नं.३०. बिर्तामोड-३ बस्ने डम्वरबहादुर गुरुङ्गको घरमा ग्यास लिकबाट आगलागी हुँदा भएको क्षति बापत रु २० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ बमोजिम यस नगरपालिकामा निम्न अनुसारको एक लैससास कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

निम्न :-

| | | |
|---|---|---|
| १. नगर प्रमुख | - | संयोजक |
| २. नगर उप-प्रमुख | - | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| ४.सामाजिक विकास समिति संयोजक | - | सदस्य |
| ५. कार्यपालिका सदस्य भगिरथा आचार्य | - | सदस्य |
| ६. कार्यपालिका सदस्य निता घतानी | - | सदस्य |
| ७. कार्यपालिका सदस्य द्रौपदा गणेश | - | सदस्य |
| ८. बिर्तामोड उद्योग वाणिज्य संघ प्रतिनिधि | - | सदस्य |
| ९.बिराट सामुदायिक अध्ययन केन्द्र बिर्तामोड प्रतिनिधि | - | सदस्य |
| १०. नेपाल राष्ट्रिय उद्योग व्यवसायी संघ बिर्तामोड प्रतिनिधि | - | सदस्य |
| ११. सामाजिक विकास शाखा प्रमुख | - | सदस्य |

निर्णय नं.३२. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणका लागि निम्न वमोजिमको कार्यदल गठन गर्ने निणर्य गरियो ।

| | |
|---|---|
| श्री पवित्रादेवी महतारा प्रसाई | - संयोजक |
| श्री डिल्ली दाहाल | - सदस्य ( शाखा प्रमुख) |
| श्री विजय तिम्सिना | - सदस्य (परिक्षक विज्ञ) |

निर्णय नं.३३. यस अघि भएका कार्यापालिकाका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा बैठकमा समिक्षात्मक छलफल गरियो ।

CamScanner